*"हामी पौवादुङमाली, मानव विकास पूर्वाधारले ल्याउँछौं खुशीयाली"*

# पौवादुङमा गाउँपालिका
# गाउँ सभाको सचिवालय
**च्याङ्ग्रे, भोजपुर**
कोशी प्रदेश, नेपाल

पत्र सं.:-२०८०/०८१
चलानी नं.:-
मितिः-२०८०/०७/१९

## प्रेस बिज्ञप्ती

२०८० साल कार्तिक १७ गते राती ११.४७ बजेको समयमा जाजरकोट जिल्लाको रामीडाँडा केन्द्रबिन्दु भएर गएको ६.४ रेक्टर स्केल मापनको भूकम्पको कारण जाजरकोट र रुकुम पश्चिममा ठुलो जनधनको क्षति पुगेकोमा हामी सम्पूर्ण पौवादुङमा गाउँपालिकाबासी अत्यन्तै मर्माहित भएका छौ । उक्त बिनासकारी भूकम्पमा परी ज्यान गुमाउनु भएका सम्पूर्ण मृतकहरु प्रति हार्दिक श्रध्दाञ्जली व्यक्त गर्दै सम्पूर्ण घाईतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौ ।

विपद्को यस घडीमा खोज, उद्धार र राहतको सिलशिलामा अहोरात्रा क्रियाशिल रहनु भएका जनप्रतिनिधी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, गैरसकारी तथा निजी क्षेत्रका समाजसेवी, नागरिक समाजका व्यक्ति व्यक्तित्वहरु र यस विपदको घडीमा सूचना सम्प्रेषण गरी सहयोग पुऱ्याउनु हुने सम्पूर्ण सञ्चारकर्मीहरुलाई यस गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछ ।

संकटको यस घडीमा उद्धारपछिको राहत तथा पुनर्स्थापना कार्यमा पिडितलाई तत्काल राहत उपलब्ध गराउने साझा अभियानमा हाम्रो यस गाउँपालिकाको तर्फबाट समेत जाजरकोट र रुकुम पश्चिमका जिल्लालाई एकमुष्ट रु. दुई लाख जिल्ला विपद् व्यवस्थापन समितिको विपद व्यवस्थापन कोष मार्फत खर्च हुने गरी गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको कोषबाट भूकम्प प्रभावित क्षेत्रमा तत्काल उपलब्ध गराउने गाउँपालिकाको मिति २०८० कार्तिक १९ गते बसेको आकस्मिक बैठकबाट निर्णय गरिएको छ ।

हाम्रो गाउँपालिकाको सानो सहयोगबाट भूकम्प पिडितहरुलाई थोरै भएपनि राहत पुग्नेछ भन्ने पूर्ण बिश्वास लिएको छु ।

धन्यवाद ।

किरण राई
अध्यक्ष
...............................
किरण राई
अध्यक्ष

१९ कार्तिक, २०८०